# प्रेस विज्ञप्ति

प्रत्येक स्थानीय तह अन्तर्गत सञ्चालन हुने रोजगार सेवा केन्द्रमा रही कामकाज गर्ने गरी ७५३ जना रोजगार संयोजकको रिक्त पदमा सेवा करारमा पदपूर्ति गर्ने प्रयोजनका लागि मिति २०७५।१०।४ गते सूचना प्रकाशन गरिएकोमा सो सूचना अनुसार सबै रिक्त पदहरु पूर्ति हुन नसेकेको हुँदा त्यस्ता रिक्त स्थानहरुमा रोजगार संयोजकको पदपूर्ति गर्नका लागि यस मन्त्रालयबाट मिति २०७५।११।३० मा पुनः सूचना प्रकाशन गरिएकोमा सो सूचना अनुसार दरखास्त दिने समय आज अपरान्ह ५.०० बजे समाप्त भएको छ।

दरखास्त दिने अन्तिम समयसीमा भित्र जम्मा ९८७४ दरखास्त प्राप्त भएका छन्। प्राप्त दरखास्तहरुको प्रदेशगत विवरण देहायबमोजिम छः

| प्रदेश | प्राप्त आवेदन संख्या | |
|---|---|---|
| | नायब सुब्बा सरह | शाखा अधिकृत सरह |
| प्रदेश १ | ८७२ | १३८७ |
| प्रदेश २ | - | १४२२ |
| प्रदेश ३ | ५०० | १६२० |
| गण्डकी प्रदेश | १५४ | ४७८ |
| कर्णाली प्रदेश | ११३५ | ७६२ |
| सुदुरपश्चिम प्रदेश | २४२ | १३०२ |

प्राप्त दरखास्तहरुमध्येबाट तोकिएका मापदण्डहरुका आधारमा स्वचालित कम्प्युटर प्रणालीद्वारा रिक्त पदसंख्याको तीनगुणा बराबर आवेदकहरुको योग्यताक्रमको प्रारम्भिक सूची आजका मितिले १० दिनभित्र तयार गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np मा सूचना सार्वजनिक गरिनेछ। सोही सूचनामा कम्प्युटर सीप परीक्षाको मिति, समय र स्थान समेत जानकारी गराइनेछ। योग्यताक्रमको प्रारम्भिक सूचीमा पर्ने उम्मेदवारहरुलाई सोको जानकारी सम्बन्धित उम्मेदवारको मोबाइल नम्बरमा समेत पठाइनेछ।

सहसचिव
प्रधानमन्त्री रोजगार कार्यक्रम
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
२०७५।१२।९